कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र सं २०८२-०८३
च नं

**<u>न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन पेश गर्ने सम्बन्धी सूचना ।</u>**

(प्रकाशित मिति-२०८२/११/२५ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (थ), रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली २०७५ को नियम ७ को उपनियम १ तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १४(२) र दफा १७, तथा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/११/१४, च.नं. ८६ को पत्र बमोजिम राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत आ.व २०८३।८४ मा सञ्चालन हुने श्रममूलक आयोजनाहरूमा न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक विपन्न तथा न्यून आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरूले बेरोजगार सूचीमा सूचीकृत हुन आफू स्थायी बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा तपसिलका आवश्यक कागजातसहित मिति २०८२ चैत मसान्तभित्र तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अघिल्लो आ.व. मा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूले समेत आ.व. २०८३।०८४ का लागि नवीकरण गर्नु गराउनुहुन अनुरोध छ।

आवेदन फाराम कुश्मा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय वा कुश्मा नगरपालिकाको वेवसाइट www.kushmamun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

आवेदनका लागि आवश्यक कागजातहरु:

१. रीतपूर्वक भरि सम्बन्धित वडा अध्यक्षबाट अनिवार्य रूपमा प्रमाणित गरिएको आवेदन फाराम,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालै खिचिएको दुई प्रति पासपोर्ट साइज फोटो,
३. बसाईसराई गरी आएको भए सो को प्रमाणपत्रको प्रतिलिपि,
४. कुनै सीपमूलक तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि,
५. परिवारमा रहेका व्यक्तिहरूको नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

अन्य रोजगारमूलक तालिम वा रोजगारी खोजी सम्बन्धी सेवाका लागि जुनसुकै समयमा shramsansar.gov.np वा Shramsansar App मार्फत पूर्ण विवरण सहित दर्ता हुन सकिने समेत जानकारी गराइन्छ।

थप जानकारीका लागि
अमृत सुवेदी, रोजगार संयोजक ९८६०९४५६७४

२०८२।११।२६

किरण पौडेल
प्रमुख प्रशासकीय अधिकृत